दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३४३ | बुटवल | २०८१ पौष ०५, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Dec.20, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# पर्यटन प्रवर्द्धन गर्न घुम्न जाउँ बर्दिया अभियान

**लुम्बिनी संवाददाता**

*देउखुरी*

लुम्बिनी प्रदेशको महत्वपूर्ण पर्यटकीय गन्तब्य बर्दियालाई लक्षित गरेर प्रदेश सरकारले घुम्न जाउँ बर्दिया अभियान सुभारम्भ गरेको छ। ठाकुरबाबा नगरपालिकासँग सहकार्य गरेर प्रदेश सरकारले घुम्न जाउँ बर्दिया अभियान सुभारम्भ गरेको हो। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले एक भब्य कार्यक्रमकाबिच बिहीबार अभियानको सुभारम्भ गरे ।

प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम नीति तथा कार्यक्रमअन्तरगत घुम्न जाउँ बर्दिया अभियान सञ्चालन भएको हो । प्रदेश सरकारले कृषि, पर्यटन, उद्योग र पूर्वाधार विकासलाई समृद्धिको आधारको रुपमा लिएको छ। जस अन्तरगत आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न बर्दिया जिल्लालाई लक्षित गरेर अभियान चलाइएको हो । अभियानको शुभारम्भ गर्दै मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेश सरकारले पर्यटन क्षेत्रको विकासको लागि ध्यान दिएको र त्यसको सुरुवात बर्दियाबाट गरेको बताए । 'बर्दिया जिल्लाको ऐतिहासिक स्थल र यहाँ रहेको राष्ट्रिय निकुञ्ज भ्रमणको गन्तव्य स्थल हो,' उनले भने-'लुम्बिनी प्रदेश बासीलाई एक पटक बर्दिया पुग्नेगरी, भ्रमण गर्नेगरी हार्दिक आमन्त्रण गर्दै भ्रमण गर्न आह्वान गर्दछु।'

प्रदेश सरकारले कर्मचारीहरुलाई आन्तरिक पर्यटकीय क्षेत्रको भ्रमणको लागि दश दिनको समय उपलब्ध गराउने गरेको जानकारी दिँदै मुख्यमन्त्री आचार्यले कर्मचारीलाई पनि बर्दिया जिल्लाको भ्रमणकालागि आह्वान गरे । 'संघ, संस्था, विद्यालय, सहकारी संस्थालगायत सबै निकायहरुमा रहनुभएकाहरुले एक पटक बर्दिया भ्रमणकालागि समय निकाल्न अनुरोध र आह्वान गर्दछु,' उनले भने-'समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेशको अभियान पर्यटनबाट सम्भव छ। त्यही भएर सरकारले यसलाई उच्च प्राथमिकतामा राखेको छ।' बर्दिया जिल्लाको समस्या बर्दियाको मात्रै नभएर सिंगो प्रदेशको समस्या भएकाले प्रदेश सरकारले समाधानका लागि ध्यान दिने मुख्यमन्त्री आचार्यले प्रतिबद्धता व्यक्त गरे। समस्याको वर्गीकरण गरेर तीन तहका सरकारले साझा रुपमा सम्बोधन गर्नेगरी पहल सुरु भएको उनको भनाइ छ।

लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले देशकै प्रमुख पर्यटकीय गन्तव्य बन्दै आएको बर्दियालाई लुम्बिनीसँग जोडेर प्रदेशका दुई पर्यटकीय गन्तव्यलाई पर्यटकका माध्यमबाट जोड्ने गरी अभियान भएको बताए।

'लुम्बिनी प्रदेशमा गौतम बुद्धको जन्मस्थल लुम्बिनी र बर्दियाको ठाकुरद्वारा पर्यटकका लागि प्रमुख गन्तव्य हुन्, यी दुवै गन्तव्य एकअर्कामा जोड्न अभियान थाल्यौं,' उनले भने-'अब लुम्बिनी आएका पर्यटकलाई बर्दिया र बर्दिया आएका पर्यटकलाई लुम्बिनी घुमाउने र घुम्ने गरी कार्यक्रम ल्याएका छौं।'

बर्दिया राष्ट्रिय निकुञ्जसँगसँगै जिल्लाकै पर्यटकीय क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने मुख्य उद्देश्यले घुम्न जाउँ



बर्दिया कार्यक्रम आयोजना गरिएको हो। देशका विभिन्न राष्ट्रिय निकुञ्ज भन्दा फरक जैविक विविधता बर्दिया राष्ट्रिय निकुञ्जमा रहेको, एकै दिनमा बाघ, गैँडा र जंगलीहात्तीको बथानका साथ साथै चित्तल जरायो बाह्रसिङ्गा विभिन्न प्रकारका चराचुरुङ्गी देख्न पाइन्छ। उद्घाटन कार्यक्रममा लुम्बिनीसहित सातै प्रदेशका पर्यटन मन्त्रीहरु, पालिका प्रमुख, राजनीतिक दल, संरक्षणकर्मी, पर्यटन व्यवसायी, सामाजिक तथा शैक्षिक संघ संस्थाका प्रतिनिधिहरूको समेत सहभागिता थियो। लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री प्रचण्ड विक्रम न्यौपानको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा अभियानको उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो।

**पर्यटन र संस्कृति लक्षित नीति संवाद**

लुम्बिनी प्रदेश सरकार उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयले उदयमान लुम्बिनी संस्कृति र प्रकृति विषय नीति संवाद कार्यक्रम बर्दियामा सम्पन्न गरेको छ। कार्यक्रमलाई सम्बोधन गर्दैमुख्यमन्त्री आचार्यले आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेर नीति निर्माण गरेर कार्यान्वयनमा लगेको बताए । लुम्बिनी पर्यटन सर्किटमार्फत् १२ जिल्लाका धार्मिक, सांस्कृतिक एवम् पर्यटन क्षेत्रलाई जोड्नेगरी सरकारले अभियान थालेको उनले जानकारी दिए। यसका साथै उनले बर्दिया जिल्लाको समग्र विकासकालागि प्रदेश सरकारले ध्यान दिएको, योजना तथा बजेटमा प्राथमिकतामा राखिएको समेत जानकारी दिए। राष्ट्रिय निकुञ्जको सिमाना तथा नदी तटीय क्षेत्रमा देखिएको डुबान, कटानको समस्या समाधान गर्न लुम्बिनी र सुदूरपश्चिम प्रदेश सरकारले संयुक्त पहल लिएको बताए। '

यहाँको समस्या यहाँको मात्रै होइन, सिंगो लुम्बिनीको समस्या हो। यसलाई प्राथमिकतामा राखेर हल गर्छौं,' उनले भने-'निकुञ्जमा किसानहरुको आठ सय विगाह जग्गा रहेको तर, उहाँहरुले न क्षतिपूर्ति पाउनु भयो न जग्गा पाउनु भएको छ। यो विषयलाई प्रदेश सरकारले संघीय सरकारको ध्यानाकर्षण गराउनेगरी उठाउँछ।'

निकुञ्ज ऐन संशोधन गरेर मध्यवर्ती तथा निकुञ्जभित्र रहेको समस्याहरु समाधान गर्न सकिने भएकाले ऐन संशोधनकालागि प्रदेश तहबाट पहल लिने प्रतिबद्धता जनाए।

उनले किसानहरुलाई उचित क्षतिपूर्ति र न्याय दिलाउन संघीय सरकारले छिटो निर्णय लिन जरुरी रहेको धारणा राखेका थिए। तीन तहका सरकारले जनताका आधारभूत समस्या सुल्झाउन सहकार्य र समन्वय गर्न जरुरी रहेको, यसका साथै प्रदेश सरकारहरुको बिचमा पनि रचनात्मक सहकार्य आवश्यक रहेकोमा उनले जोड दिए।

» *बाँकी २ पेजमा*

## पाँच वर्षदेखि थन्किएका बस सञ्चालन



लुम्बिनी। लुम्बिनी विकास कोषलाई दातृ निकायले अनुदान सहयोगस्वरूप उपलब्ध गराएका विद्युतीय सवारीसाधनको बिहीबारदेखि परीक्षणका रूपमा सञ्चालन गरिएको छ।

यसअघि कानुनी समस्याका कारण सञ्चालनमा आउन नसकेका सवारीसाधनमध्ये दुई वटा बस बिहीबारदेखि सञ्चालनमा ल्याइएको हो।

एसियाली विकास बैंक (एडिबी)को अनुदान सहयोगमा बृहत्तर लुम्बिनी क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकलाई सेवा दिने उद्देश्यले अनुदान सहयोगमा प्राप्त विद्युतीय सवारीमध्ये दुई वटा बस परीक्षणका लागि सञ्चालन सुरु गरिएको लुम्बिनी विकास कोषले जनाएको छ। अनुदान सहयोगमा पाँच बस र १४ वटा विद्युतीय भ्यान संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले कोषलाई विसं २०७७ मङ्सिर ९ गते हस्तान्तरण गरेको थियो।

यसअघि पर्यटक सेवाका लागि हरियो नम्बरप्लेट बनाउने कानुनी प्रावधान रहेकामा मन्त्रालयले सेतो नम्बरप्लेटमा बस र भ्यान हस्तान्तरण गरेपछि सञ्चालनमा समस्या भएको थियो। दाताले दिएका सवारीसाधनलाई विकास कोषले बिहीबारदेखि परीक्षणका रूपमा दानपेटिका राखेर सञ्चालन गरिएको जनाएको छ।

प्रतिनिधिसभाका सांसद बासुदेव घिमिरे, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा, प्रदेशका सांसद सिके गुप्ता, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले विद्युतीय बसको शुभारम्भ गरेका थिए। बुटवलबाट भैरहवा विमानस्थल हुँदै बुद्धजन्मस्थल लुम्बिनीसम्म र बेलहियाबाट विमानस्थल हुँदै लुम्बिनीको रूटमा बस सञ्चालन हुने जनाइएको छ। बस चढ्ने यात्रुले स्वेच्छिक रूपमा दानपेटिकामा रकम दिन सक्नेछन्।

बस सेवाको परीक्षण सञ्चालन शुभारम्भमा सांसद घिमिरेले कानुनी अभावका कारण सञ्चालनमा नआएको विद्युतीय बस आगामी दिनमा निरन्तर सञ्चालन हुने बताए। उनले तत्काललाई दानपेटिकमार्फत् सञ्चालनमा आएको सेवा आगामी दिनमा निश्चित खाका बनाएर सेवा प्रवाह गर्ने बताउँदै यसले पर्यटक तथा यात्री लाभान्वित हुने विश्वास व्यक्त उनले गरे। लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. लामाले यसअघि कानुनी द्विविधाका कारण नियमित बस सञ्चालन गर्न नसकेको बताउँदै अब पनि कानुन देखाएर रोक्ने काम नगर्न प्रशासनलाई आग्रह गरे। कोषका सदस्य-सचिव सानुराजा शाक्यले सेतो नम्बरप्लेटलाई हरियो नम्बरप्लेटमा रुपान्तरण गर्न नसक्दा सञ्चालनमा समस्या आएको बताउँदै आगामी दिनमा दीर्घकालीन रूपमा सञ्चालन गर्न सबैको सहयोग आवश्यकपर्ने उल्लेख गरे।

सिद्धार्थ होटल एशोसिएसनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ, लुम्बिनी होटल व्यवसायी सङ्घ, नेपालका अध्यक्ष गोविन्द ज्ञवालीले पर्यटक सेवाका लागि ल्याइएको बस सञ्चालन हुँदा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए।

» *बाँकी २ पेजमा*

# हराउँदै ढकिया बुन्ने प्रचलन

## थारू परम्परा र संस्कृतिसँग जोडिएको ढकिया बुन्ने प्रचलन पछिल्लो समय हराउँदै गएको छ।

**अनिता चौधरी**

*सैनामैना*

ढकिया र थारु समुदाय एकअर्काका परिपुरक जस्तै छन्। विहे पूजा होस् वा मृत्यु संस्कार सबै काममा ढकियाको प्रयोग हुन्छ। यसैले केही समय पहिलासम्म थारु समुदायका हरेकजसो महिलाले ढकिया बुन्थे। थरीथरीका ढकिया सजाएर धार्मिक र सांस्कृतिक कार्यक्रम गरिन्थ्यो। थारु परम्परा र संस्कृतिसँग जोडिएको ढकीया बुन्ने प्रचलन पछिल्लो समय हराउँदै गएको छ।

बुन्न धेरै दिन लाग्ने, लागतअनुसारको रकम नपाउने, त्यो पनि नगद रकम नपाउने भएपछि नयाँ पुस्ताले ढकिया बुन्न छोड्न थालेका हुन्। व्यवसायिक रुपमा ढकिया बुन्ने महिलाले पनि पछिल्लो समय काम छोडेका छन्। त्यसमध्येकी हुन्, सैनामैना २ की १९ वर्षीया सिमरन थारु। उनले ढकिया बुनेर अत्मनिर्भर बन्न नसक्ने देखेपछि अन्य पेशा अँगालेको बताउँछिन्। उनले हजुरआमा र आमालाई देखेर आफूलाई पनि ढकीया बुन्ने रहर जागेर ढकिया बुन्न सिकेकी थिइन्। तर, समय धेरै लाग्ने र भनेअनुसार रकम नपाउने गरपछि अहिले छोडेकी छिन्। उनी भन्छिन्-"एउटा ढकिया बनाउन कम्तिमा ३ देखि ४ दिनसम्म लाग्छ, भने त्यसको मूल्य ५ सयदेखि १ हजार पर्ने गर्छ। समय र मेहेनत धेरै लाग्छ। बेच्ने मूल्य कम पर्नाले पनि यो सीप सिकेर उपयोग गर्न सकिन।"

सिमरन ढकिया बुनेर मात्रै आम्दानीको स्रोत नबनेपछि अन्य सीप र पेशातर्फ अकर्षित भएको बताउँछिन्। १२ कक्षासम्म अध्ययन गरेकी उनले आर्थिक उपार्जनका लागि कपडा सिलाउने काम गर्छिन्।

वनमा पाइने वनस्पति र मुजा घाँसको प्रयोगबाट कलात्मकरुपमा रङ्गीचङ्गी बनाएर ढकीया निर्माण गरिन्छ। कम



लगानी र सीमित स्रोत साधानबाट सिर्जनात्मक रुपमा बनाइने ढकीयालाई व्यवसायीकता दिन जरुरी रहेको सैनामैनाकै फूलकुमारी थारु बताउँछिन्। एउटा ढकीया बनाउन लाग्ने समय र मेहेनतअनुसार मूल्य र बजार नपाए पछि ढकीया बुन्न मन नलाग्ने उनी सुनाउँछिन्। बरु दैनिकी ६ सय रुपैँया लेभर मजदुरी गरेर दैनिकी टार्न सकिन्छ, तर ढकीया बुनेर छाक टार्न नसकिने उनको भनाइ छ।

"एउटा ढकीया तयार गर्न कम्तिमा ३ दिन लाग्छ, निर्माण भएको ढकीया कसले किन्ने ? ग्राहक भेटिए पनि कम पैँसामा माग्छन्, त्यसकारण त्यति लामो समय र मेहेनत गर्नुभन्दा बरु मजदुरी गरेर जितिन्छ भन्दै लेबर काम गर्दै आएँ।"-फूलकुमारीले भनिन्।

पहिला बजारमा भाडाहरु नहुँदा घरायसी काममा लागि पनि ढकीया बनाउनु पर्ने बाध्यता थियो। अहिले त्यो अवस्था छैन। आर्थिक पक्ष बलियो बनाउन पालिकाले यस्ता खालका सीपहरुलाई अर्थसँग जोड्दै व्यवसायिक बनाएर लैजानुपर्ने उनले भनाइ राखिन्।

परम्परा र संस्कृतिप्रतिको मोहले रकम कम भए पनि केही थारु महिलाले ढकिया बुन्ने परम्परा छोड्न सकेका छैनन्। रुपन्देहीको सैनामैना निवासी पार्वती थारु फुर्सदको समयलाई उपयोग गर्न बिहान बेलुकाको घरायसी काम सक्काएर दैनिकी ढकिया बनाउने काम गरेको बताउँछिन्। फुर्सदको समयमा उनी हरेक वर्ष ढकिया, मौनी, डेलवालगायतका सामग्री बुन्ने काम गर्छिन्। थारु समुदायमा ढकिया घरायासी कामसँगै विवाह, पूजा र शुभकार्यमा दान दिने प्रचलन छ। उनी भन्छिन्-'पैसा त हुँदैन, तर छोड्न सकेकी छैन। सानो उमेरमा आमाहरुलाई ढकिया बुनेको देख्दाँ देख्दै सिकेको हु, छोरी मान्छे पढ्न हुँदैन धरायासी काम सिक्न सक्ने राम्रो घरबार मिल्ने भन्दै परिवारमा खेतीपाती, ढकिया बुन्नेलगायतका काम गर्न लगाइन्थ्यो, त्यही कामसँगसँगै थारु समुदायको परम्परागत ढकिया बनाउने सीप आफूले पनि सिकेकी हुँ।'

पार्वतीले फुर्सदको समयमा बुनेको ढकिया आफन्त छोरीचेलीहरुको विवाह र पूजामा दिने र आवश्यकता परेकालाई बेच्ने गरेको बताइन्। 'नगद नहुने भएपछि हामीले गरे पनि युवती छोरीबुहारीले ढकिया बुन्ने काम गर्न समस्या छ।'– उनले भनिन्।

सैनामैना-४ बस्ने दासिया थारु उमेरले ७५ वर्षकी भइन्। उनले आफू ७ वर्षको हुँदाबाट ढकिया बुन्दै आएको बताइन्। 'म सानो हुँदा हजुरआमाले ढकिया बुन्न लाग्दा हेरेर बस्थे, कति बेला हजुरआमा ओझेल हुन्छिन् अनि म बुन्छु भन्दै कुरेर बस्ने गर्थे।

» *बाँकी २ पेजमा*



# सम्पादकीय

## घुम्न जाउँ बर्दिया

लुम्बिनी प्रदेशको महत्वपूर्ण पर्यटकीय गन्तव्य बर्दियालाई लक्षित गरेर प्रदेश सरकारले घुम्न जाऔं बर्दिया अभियान सुरु गर्नु सकारात्मक छ । यो अभियानले बर्दियाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने आशा गर्न सकिन्छ ।

बर्दिया पर्यापर्यटनको महत्वपूर्ण गन्तव्य हो । विश्वमै दुर्लभ पाटे बाघसहित विभिन्न वन्यजन्तुको आश्रयस्थल रहेको बर्दिया आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । देशका विभिन्न राष्ट्रिय निकुञ्जभन्दा फरक जैविक विविधता रहेको बर्दिया राष्ट्रिय निकुञ्जमा एकै दिनमा बाघ, गैँडा र हात्तीको बथानका साथै चित्तल, जरायो, बाह्रसिङ्गा, विभिन्न प्रकारका चराचुरुङ्गी देख्न पाइन्छ ।

थारू संस्कृति र जीवनशैली पनि पर्यटकको लागि आकर्षक हुनसक्छ । बर्दिया कृषि उत्पादनको पनि प्रचुर संभावना छ । कृषि उत्पादन प्रणालीलाई आधुनिकरण गर्दै अघि बढ्दा अरुका लागि सिकाई हुनसक्छ । बर्दियाले वन्यजन्तु संरक्षणमा जुन ख्याति र नाम कमाएको छ, त्यसैअनुसार अपेक्षित लाभ हासिल गर्न सकिरहेको छैन । समुदायको जीवनस्तर बढ्न सकेको छैन । व्यवसायीको लगानी उल्लेख्य बढ्न सकेको छैन । वन्यजन्तु संरक्षण गरेर पर्यटन प्रवर्द्धन हुन नसक्दा समुदायमा स्वाभाविक रुपमा निराशा बढ्ने र संरक्षणप्रति नकारात्मक बन्ने प्रवृत्ति बढ्न सक्छ, यसले संरक्षण अभियानलाई नै प्रतिकुल प्रभाव पार्न सक्छ । समुदाय र पर्यटन व्यवसायीको यही मनोविज्ञान बुझेर लुम्बिनी प्रदेश सरकारले ठाकुरबाबा नगरपालिकासँग सहकार्य गरेर घुम्न जाऔं बर्दिया अभियान थालनी गरेर उत्साह थप्ने काम गरेको छ ।

कृषि र पर्यटनलाई लुम्बिनी प्रदेश सरकारले समृद्धिको आधार मानेको छ । कृषिको व्यवसायीकरण गरी समृद्धितर्फ प्रस्थान गर्ने र पर्यटनमार्फत् समृद्धिमा छलाङ मार्ने योजना अघि सारेको प्रदेश सरकारले पर्यटकीय गन्तव्यमा पर्यटन प्रवर्द्धनका लागि चालु आर्थिक वर्ष २०८१।०८२ को बजेट ल्याउँदा नै घोषणा गरेको थियो ।

घुम्न जाउँ बर्दिया अभियानले लुम्बिनी प्रदेश सरकारको रचनात्मक कामलाई उजगार गरेको छ। प्रदेश सरकारप्रति नागरिकको अपनत्व बढाउने वातावरण तयार गरेको छ । घुम्न जाउँ बर्दिया झैं प्रदेशका महत्वपूर्ण पर्यटकीय स्थलको प्रचार प्रसारका लागि स्थानीय तहसँग मिलेर प्रदेश सरकारले अभियान सञ्चालन गर्न सक्छ । पर्यटन पूर्वाधार विकासका काममा बजेट बढाउन सक्छ ।

# ओली सरकारको आयु


विन बहादुर कुँवर

भ्रष्टाचारको आरोपमा मृत्युदण्ड नै दिइएकै समाचार छ । यति हुँदा पनि सत्ताधारी नेता ओली र देउवा चुप लागि बस्नुका पछाडि पनि ठूलै रहस्य लुकेको छ । सबै विदेशी दलाल र गोटी कसलाई के भन्ने ? जो चोर उसैको ठूलो स्वर भने जस्तै अझ पनि प्रचण्डकै स्वर ठूलो छ । फेरि सत्तामा फर्किने दिवा सपना देख्दै छन् । यस्तो सपना बाँड्ने र उचाल्ने काम सबै विदेशी गुप्तचर निकाय भारतीय 'रअ' ले गर्दैछ । हालै मात्र एक भारतीय 'रअ' का प्रतिनिधिले ओली सरकारको आयु केवल एक महिना मात्र भन्ने समाचारले यसको पुष्टि गरिरहेको छ ।

काम गर्दा जस अपजस जे पनि हुन सक्छ । मान्छे हो गल्ती कमजोरी हुन्छ । सदा राम्रो नै हुन्छ भन्ने केही छैन । जे भए पनि त्यसको जिम्मेवारी आफैले लिन सक्नुपर्दछ । राम्रो हुँदा गम्किने-चम्किने तर नराम्रो हुँदा सारै दुःखित र निरास हुने यो राम्रो बानी होइन । सदा एकनास राम्रो नराम्रो दुवैको समीक्षा र मूल्यांकन अनि नकारको नकार हुँदै सदा सकारात्मक सोंचमा रही रहनुपर्दछ । तर नेपालको राजनीतिमा र यसका संचालक नेताहरुमा यो भएको पाइदैन । राम्रो सबै आफ्नो र नराम्रो सबै अर्काको भन्ने बानी व्यवहार यहाँका सबै नेताहरुमा देखिन्छ । कसैको सकारात्मकको मूल्यांकन नै कहिल्यै नगर्ने सदा नकारात्मक नै देख्ने यो सामन्ती मपाईवाद हो । भन्नत यहाँका प्राय सबै दल नेताहरुले लोकतान्त्रिक भन्छन् अझ कतिपयले त समाजवादीसम्म पनि भन्ने गरेका छन । तर खासमा यी सबैमा अहिले पनि सामन्तवाद नै बढी हुन्छ । सामन्तवादको असली चरित्र व्यक्तिवाद हो । जसको शैली निरंकुश, दलाली, चाकडी, मनसुन आदिमा देखिन्छ ।

आज नेपालका धेरै जसो दल नेताहरुमा यस्तो प्रवृत्ति अत्यधिक बढी छ । उदाहरणहरु अन्नगिन्ती छन् । हालै नेपालका प्रधानमन्त्री केपी ओली चीन भ्रमण गरी देश फर्केका छन् । अनगिन्ती टीका टिप्पणी भए र भइरहेका छन् । चीन जाँदा अनेक थरी टिकाटिप्पणी भए त्यस्तै फेरि आउँदा यस्तै भइरहेका छन् । उदाहरण नेकपा (माओवादी केन्द्र) का अध्यक्ष क. प्रचण्डको लेऊ । प्रम ओली भारत भ्रमण गर्न जाँदा प्रचण्डको एउटा टिप्पणी थियो- प्रधानमन्त्रीको चीन भ्रमण भारत विरोधी चिनियाँ कार्ड मात्रै हो । यसको अर्थ हो ओली चीन जानुको मूल काम भनेको भारतलाई देखाउनु हो । अर्थात् भारतले सुरुमा नै आफूलाई भारत भ्रमण गर्न नबोलाएको झोकमा चीनको दलाली गरी चीन भ्रमण गर्न मात्र खोजेको भन्ने आसय त्यसको थियो । तर पछि प्रम ओली चीन भ्रमण सकी नेपाल फर्केपछि फेरि प्रचण्डले भने यो भ्रमणमा चीनमार्फत् जे जति उपलब्धि भएका छन् । ती सबै मेरै कार्यकाल र चीन भ्रमणमा नै भएका थिए, नयाँ केही छैन । प्रम ओलीप्रति दया लाग्छ आदि इत्यादि ।

एकातिर प्रम ओली चीन भ्रमणमा जाँदा केही नहुने खाली भारत विरोधी चिनियाँ कार्ड मात्र देख्ने प्रचण्ड फेरि चीनबाट फर्केपछि यी दुई देशबीच भएका केही सन्धि-सम्झौता र सहमति सबलाई आफ्नै कार्यकालमा भइसकेका भनी त्यसको अबमूल्यांकन गर्ने ? यो नै प्रचण्डमा देखिएको सामन्तवादी मपाईवादको नमूना हो । अर्थात् विपक्षीको कदर नै गर्न नसक्ने एकमनावाद । द्वन्द्ववादले पक्ष-विपक्ष दुवैको कदर गर्दछ । पक्ष नभई विपक्ष नै हुन्न त्यस्तै विपक्ष विनाको पक्ष मात्र पनि हुँदैन । अहिले प्रम ओली र प्रचण्डबिच यस्तै हानथाप र जुहारी चलिरहेको छ । अर्थात् ओलीले जे गरे पनि गलत नकारात्मक नै देख्ने प्रचण्डको दृष्टिकोण भने त्यस्तै प्रचण्डले जे गरे पनि त्यो सबै नकारात्मक देख्ने र बुझ्ने ओली दृष्टिकोण । यो दुवैको दोषी चस्मालाई हु बहु जनतामाझ पुऱ्याइरहेका छन्, उनीहरुका तल्ला नेता कार्यकर्ताहरुले । यसको प्रत्यक्ष फाइदा कांग्रेसीहरुले उठाइरहेका छन् । प्रचण्ड भन्छन्-'ओली चोर ।' ओली भन्छन्-'प्रचण्ड चोर ।' आखिर यी दुवै चोर । सद्धे साधु को भन्दा कांग्रेसीहरु । भ्रम जनतालाई पारिंदैछ ।

यस्तै उदाहरण फेरि प्रम ओलीको पनि लिउ । हालै कुनै एक कार्यक्रममा प्रम ओलीले प्रचण्डलाई सराप्दै भने यी माओवादी जन्मदेखि नै उदण्ड मच्याउँदै आए । राम्रो केही पनि गरेनन् । खाली लुट्ने, ठग्ने, मार्ने, तोडफोड र द्वन्द्व मात्रै मच्याउँदै आए । यसको सिधा अर्थ माओवादी जन्मकालदेखि नै यस्तै हुन यिनीहरुबाट केही पनि राम्रो काम भएन । यस्तो हो भने हिजो क. ओलीले माओवादी प्रचण्डसँग पार्टी एकता गर्ने नै गलत भयो । यस्तै यस्ता उदण्डवादीहरुसँग पटकपटक एकता गरी सरकार नै बनाउने पनि गलत भयो । आफूलाई फाइदा हुँदा हाई हाई तर पछि फाइदा नहुँदा बाईबाई । ताक परे तिवारी नत्र गोतामे ओली प्रवृत्ति पनि यसैको नमूना हो । स्वार्थ मिल्दा साख्खै लालजोडी । सबै बस्याउने फेरि स्वार्थ नमिल्दा सास त के मुखै र अनुहार नै गन्याउने छिछि र दुरदुर । यो सामन्ती र व्यक्तिवादी प्रवृत्ति यो ओली-प्रचण्ड दुवैमा व्याप्त छ । यस्तो प्रवृत्तिलाई झन् मलजल गर्ने काम प्रचण्ड-ओली दुवैका आसेपासे दलाल एमाले-माओवादी छाउराहरुबाट भइरहेको छ ।

ओली, प्रचण्डमा देखा परेको यो व्यक्तिगत रिसईवि, आक्रोश र द्वन्द्वले नेपालको सिंगो वापमन्थी आन्दोलनप्रति नै जनताको विस्तृष्णा बढ्दै जान थालेको छ । आखिर वामपन्थी जो आए पनि त्यस्तै ढाँट, छल, बेइमानी भन्ने भ्रम धेरैमा पर्दै जान थालेको छ । हुन पनि ओली, प्रचण्ड बीचको यो घोचपेज, गाली गलौज सौताका रिसले पोइका काखमा पिसाब गर्ने जस्तै भएको छ । ओलीको १० वर्षे जनयुद्धप्रतिको बोली अनि प्रम ओलीको चीन भ्रमणप्रतिको प्रचण्डको त्यो बालीले अन्ततः १० वर्षे माओवादी जनयुद्ध र झापा विद्रोहका हजारौं क्रान्तिकारी सहिदप्रति ठूलो अपमान भएकमो छ । एक प्रकारले यी सहिदहरुप्रति मात्रै होइन यो सिंगो देश र जनताहरुप्रति नै खेलवाड धोका र गद्दारी भइरहेको छ । जुन चाहना देशी तथा विदेशी प्रतिक्रियावादीतत्वहरुको छँदै थियो ।

हो, निश्चय नै अहिले प्रचण्ड र उनको परिवार अनि उनका आसेपासे दलालहरुमा माथि प्रम ओलीले भने जस्तै लुट्ने, खाने, ठग्ने, षड्यन्त्र र बेइमानी व्याप्त छ । एक प्रकारले प्रचण्डले १० वर्षे जनयुद्ध यसैको लागि नै गरेका रहेछन् भन्ने अर्थ पनि लाग्न सक्छ । प्रचण्डको यो बानी र व्यवहारले पनि त्यही पुष्टि गर्दैछ । तर त्यो जनयुद्धको थालनीमा प्रचण्डको मात्र पनि हात छैन । त्यसमा सयौं माओवादी नेता कार्यकर्ताहरुको पनि योगदान छ । हजारौं क्रान्तिकारी सहिदहरुको त्याग, तपस्या र बलिदानकै कारण अहिले देशमा यो लोकतन्त्र र गणतन्त्र आएको हो । तब मात्र प्रचण्ड-ओली-देउवा आदि प्रधानमन्त्री बन्न पाए । तर अहिले प्रम ओलीले जुन थालमा दाल-भात खाए त्यही थालमा प्रचण्डको रिसले थुक्दै हिंड्न थालेका छन् । नत्र भने हिजोको त्यो जनयुद्ध र अहिलेका प्रचण्डबिच जमिन आसमानको फरक छ । प्रम ओलीको त्यो आरोप व्यक्तिगत रुपमा प्रचण्ड र उनको परिवार अनि उनका आसेपासे दलालहरुका लागि ठिकै होला तर समग्र १० वर्षे माओवादी जनयुद्ध र त्यसका हजारौं क्रान्तिकारी शहिद र अरु नेता कार्यकर्ताहरुप्रति त्यो घोर अपमानजनक छ ।

वास्तवमा प्रम ओली देउवा र प्रचण्डबीच त्यस्तो तात्विक भिन्नता केही पनि छैन । यी सबै यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ताका विदेशी कारिन्दा मात्रै हुन् । तर आज यी बिच आपसी कलह र द्वन्द्व बढ्दो छ । यसका पछाडि मूलमा सत्ता स्वार्थकै छ । साथै विदेशी शक्ति केन्द्रहरुले यिनीहरुलाई उचाल्ने र पछार्ने क्रममा यी बीच द्वन्द्व खडा छ । विदेशीहरुको साख्खै को हुने भन्नेमा तछाडमछाड छ । एउटाले भन्छ चिनियाँ कार्ड भने अर्काले भन्छ भारतीय कार्ड वा अमेरिकी कार्ड । चिनियाँ कार्ड भन्नका लागि भारतीय कार्ड प्रयोग गर्ने उस्तै परे अमेरिकी कार्डलाई पनि उपयोग गर्ने गरिएको छ ।

ओलीको चीन भ्रमणलाई चिनियाँ कार्ड भन्नका लागि प्रचण्डले सिधै लाज नै नमानी भारतीय कार्ड नै प्रयोग गरे । भारतीय द हिन्दू भन्ने पत्रिका मार्फत् भारतीय विस्तारवादीहरुको पहलकदमी र डिजाइनमा यस्तो भन्न लगाइयो । यदि यो देशमा देशभक्त र राष्ट्रवादी र जनवादी गणतान्त्रिक राज्य सत्ता र त्यसको शासक र नेता भएको भए प्रचण्डलाई सिधैँ राष्ट्रद्रोहको मुद्दा लगाई जेल कोची सकिने थियो ।

यस्ता राष्ट्रघाती द्रोहीहरुलाई अरु मुलुकमा भएको भए त फासी नै चडाई सक्यो । हालै मात्र चिनियाँ सरकारले एक पूर्व शासकलाई यस्तै भ्रष्टाचारको आरोपमा मृत्युदण्ड नै दिइएकै समाचार छ । यति हुँदा पनि सत्ताधारी नेता ओली र देउवा चुप लागि बस्नुका पछाडि पनि ठूलै रहस्य लुकेको छ । सबै विदेशी दलाल र गोटी कसलाई के भन्ने ? जो चोर उसैको ठूलो स्वर भने जस्तै अझ पनि प्रचण्डकै स्वर ठूलो छ । फेरि सत्तामा फर्किने दिवा सपना देख्दै छन् । यस्तो सपना बाँड्ने र उचाल्ने काम सबै विदेशी गुप्तचर निकाय भारतीय 'रअ' ले गर्दैछ । हालै मात्र एक भारतीय 'रअ' का प्रतिनिधिले ओली सरकारको आयु केवल एक महिना मात्र भन्ने समाचारले यसको पुष्टि गरिरहेको छ ।

### पर्यटन...

**मानव वन्यजन्तु द्वन्द्व समाधानबारे ध्यानाकर्षण**

बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा देखिएको मानव वन्यजन्तु द्वन्द्वको समस्या समाधान र भावी योजना निर्माणबारे मुख्यमन्त्री चेतनारायण आचार्यले निकुञ्जका जिम्मेवार पदाधिकारीसँग छलफल गरेका छन् ।

बर्दिया राष्ट्रिय निकुञ्ज मुख्यालय क्षेत्रको अवलोकनको क्रममा मुख्यमन्त्री आचार्यले मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने नागरिकहरुले भोग्दै आएका समस्या समाधानको बारेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप-महानिर्देशक वेदकुमार ढकालले र बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा.अशोककुमार रामलगायत सम्बद्ध पक्षसँग छलफल गरेको मुख्यमन्त्रीका स्वकीय सचिव कुशल भुसालले जानकारी दिए ।

'मानव वन्यजन्तुको द्वन्द्व कम गर्ने विकल्प र भावी योजनाको बारेमा छलफल भएको छ,' स्वकीय सचिव भुसालले भने-'मध्यवर्ती क्षेत्रमा बसोवास गर्दै आउनु भएका नागरिकको दैनिक कामकाजदेखि उहाँहरुको जीविकोपार्जनको बारेमा समेत छलफल भएको छ । प्रदेश सरकारले सञ्चालन गर्दै आएको कार्यक्रमको बारेमा समेत जानकारी गराइएको छ ।'

लुम्बिनी प्रदेशमा मानव वन्यजन्तु द्वन्द्वका कारण गत आर्थिक वर्ष २०८०-८१ मा पाँच जनाको मृत्यु भएको र आठजना घाइते प्रदेश वन तथा वातावरण मन्त्रालयले उपब्ध गराएको तथ्यांकमा उल्लेख छ । जसमध्ये बर्दिया जिल्लामा मात्र चार महिला तथा एक बालक गरी पाँच जनाको मृत्य भएको थियो । एक वर्षमा भेडा-बाख्रा २१७, गाई-भैँसी ३१, बङ्गुर ४५, हाँस-कुखुरा १८१ वटाको मृत्यु भएको छ भने स्याल, चितुवा, वनबिरालो, नीलगाई, अजिङ्गर, बँदेल, बाँदर गरी ४१ वटा वन्यजन्तुको पनि मृत्यु भएको छ । १४ वटा चितुवा र मृगसमेत घाइते भएका छन् । लुम्बिनी प्रदेश सरकारले मानव-वन्यजन्तु द्वन्द्व घटाउन वन्यजन्तुको सुरक्षित बासस्थान, आहारा प्रजातिको व्यवस्थापन, पानीको मुहान तथा सिमसार संरक्षण, वनभित्र संरक्षण पोखरी निर्माणलगायतका योजनाका काम गर्दै आएको छ ।

### हराउँदै....

कहिले काँही त बिगार्ने पनि गर्थे जसले गर्दा गाली र पिटाइसम्म खाए,' उनले विगतलाई सम्झीदै भनिन्-'उ बेला, गाईभैँसी चराउन जाँदा पनि ढकिया बुन्ने गरिथ्यो । दिउँसोमा साथीहरु गाउँको बगियामा बसेर ढकिया बनाउने प्रतिस्पर्धा नै हुन्थ्यो कसले छिटो र कति राम्रो बनाउने ।'

पहिले पहिले अहिलेको जस्तो सामान राख्नलाई प्लाष्टिकका भाडाहरु हुँदैनथे, घरको सरसामान राख्न, अन्नपात राख्न, विवाहमा छोरी चेलीलाई दाइजो दिन समेत ढकिया काम लाग्छ । घरायासी कामकाज सक्काएर दिउँसोको समयमा थारिथारि आकार र डिजाइनका ढकिया बनाउने गर्थे । थारुको पहिचानसँग जोडिएको ढकिया अहिले हराउने अवस्थामा आउँदा चिन्ता लाग्ने पाका महिलाहरु बताउँछन् । अहिलेका नयाँ पुस्ताका युवतीले यो सीपलाई अँगालेको देखिंदैन, युवा पुस्ताले थारु संस्कार संस्कृतिसँगै परम्परागत सीप अँगाल्न र संरक्षण गर्न जरुरी रहेको पाकाहरु बताउँछन् ।

थारु समुदायमा पछिल्लो समय ढकिया बनाउने परम्परागत सीप हराउँदै गएकोमा थारु अगुवाहरुले चिन्ता व्यक्त गरेका छन् । नयाँ पुस्ताले ढकिया बुन्ने सीप नअँगाल्दा लोप हुने अवस्थामा आएको थारु अगुवा खुशीराम चौधरी बताउँछन् । 'ढकिया थारु समुदायको पहिचानसँग जोडिएको छ,' उनले भने -'तर पछिल्लो समय थारु युवापुस्तामा ढकिया पेशातर्फ त्यति चासो र चिन्ता नदिँदा लोप हुने अवस्थामा पुगेको छ ।'

पछिल्लो समय नयाँ पुस्ता शिक्षा र प्रविधितर्फ मात्र आकर्षण देखिएकाले थारु समुदायको पहिचान र अस्तित्वका लागि पनि यो सीपलाई संरक्षण गर्न ध्यान दिनुपर्ने उनको भनाइ छ । 'यो सीपलाई हस्तान्तरण गर्न नसके ढकिय र थारु परम्परागत सामग्रीहरु पनि हराएर जान्छ,' उनले भने-'थारु समुदायको पहिचान नै बोलीभाषा, खानपान, पहिरन, परम्परागत पेशा, सीप हुन्, यी कुरालाई जोगाउन नसके थारु पनि हराएर जानेछ ।'

जबसम्म पुराना पुस्ता रहन्छन्, तबसम्म ढकिया रहन्छ, पुरानो पुस्ता सकिए ढकिया पनि हराउँछ कि भन्ने चिन्ताले सताउने गरेको थारु अगुवा राम कृपाल थारुको भनाइ छ । खाली समयको सदुपयोग गरेर आकर्षक खालका हस्तकला सामग्रीहरु थारु महिलाहरु बनाउने गर्थे, ती सामग्री घरायसी कामकाज र पूजा, विवाहमा पनि दान र उपहार स्वरुप प्रदान गरिन्थ्यो, तर पछिल्लो समय ढकिया बनाउने चलन नै लोप हुने अवस्थामा छ । पूजाआजा, शुभाकार्य, विवाहमा दाइजो तथा मृत्युवरणको बेला दानका सामान राखेर ढकिया दिने थारु समुदायको चलन छ, तर यी परम्परा विस्तारै हराउँदै गएको छ ।

पुराना पुस्ताले मात्र यी र यस्ता परम्परालाई निरन्तरता दिएका छन् भने आजका नयाँ पुस्ताले आधुनिक जीवनशैलीलाई अँगाल्दै थारु संस्कार संस्कृति भुल्दै गएका छन्, जुन थारु समुदायका महिलाले हस्तकला सीपलाई प्रयोग गरी ढकिया बनाउने कार्य उनीहरुको परम्परागत सीप हो र यसको संरक्षणका लागि समुदाय नै अग्रसर भएर लाग्नुपर्छ ।

सजावटका लागि मात्र नभएर व्यवसायीकतातर्फ लैजान तीनै तहको सरकारले विशेष महत्वका साथ हेर्नुपर्ने हुन्छ । नयाँ पुस्तालाई स्थानीय र प्रदेश सरकारले ढकिया बनाउने तालिम प्रदान गर्नुपर्ने उनीहरुले बताए ।

तालिमबाट उत्पादित सामग्रीहरुलाई पालिका र प्रदेश सरकारले बजारीकरण गरेर व्यवसायी बनाउनतर्फ लाग्नुपर्ने छ, जसले पेशाको संरक्षण पनि हुन्छ भने आम्दानीको स्रोत बनी अत्मनिर्भरता पनि बढ्ने हुनाले यसतर्फ ध्यान दिन उनीहरुले आग्रह गरे ।

तिलोत्तमा नगरपालिकाका उप-प्रमुख जागेश्वरीदेवी चौधरीले थारु समुदायको संस्कार संस्कृति संरक्षण र प्रवर्द्धन गर्न थारु उत्थान विकास कार्यक्रम शीर्षक छुट्टाएर हरेक वर्ष १० लाख बजेट विनियोजन गरी कार्यक्रम गर्दै आएको बताइन् ।

आफू उपमेयरमा निर्वाचित भैसकेपछि थारु समुदायको पहिचानसँग जोडिएको ढकिया बनाउने तालिम, थारु संस्कृतिक संग्रहालय, थारु झुमडा नाच, मयुर नाच, मनारा बजाउने तालिम, लोपोन्मुख सोराठी विवाहको नाचलाई जर्गेनाको लागि बजेट छुट्टाएर नयाँ युवायुवातीलाई सिकाउने काम गरिंदै आएको उनले जानकारी गराइन् । उनका अनुसार महिलाहरुलाई व्यवसायिक र आर्थिक रुपमा सबल बनाउन युवातीहरुलाई ढकिया बनाउने तालिम पनि सञ्चालन गरिएको छ ।

पालिकाले स्थानीयस्तरमा उत्पादन गर्ने सामग्रीहरुलाई किनिदिने व्यवस्था गरे पनि सोचे जस्तो प्रतिफल आउन नसकेको र महिला दिदिबाहिनीहरुले सीप सिकेर व्यवसायिक बन्न नसक्नु दुःखको कुरा रहेको उनले बताइन् । ढकीय बनाउन बढी समय लाग्ने र अन्य काम गर्दा छिटो पैँसा पाउने हुनाले पनि यस सीपतर्फ त्यति ध्यान र अकर्षित नभएको हो कि भन्ने उनको भनाइ छ ।

थारु समुदायको परम्परा र सँस्कृतिको जर्गेना गर्न घर परिवार र समुदायबाट नै आउँदो पिढीलाई सिकाउन जरुरी रहेको शिवराज नगरपालिकाका उप-प्रमुख शिवकुमारी चौधरीले जानकारी गराइन् । थारु समुदायका परम्परागत वस्तुहरुलाई संकलन गरी शिवराजमा थारु संग्रहालय बनाइएको बताउँदै त्यहाँ आउने नयाँ पुस्ताले आफ्नो समुदायको पुरात्विक चिजवस्तुको अवलोकन गरी जानकार बनेका छन् ।

उनका अनुसार थारु महिलाहरुलाई आयआर्जनमा सक्षम बनाउन पालिकाभित्रका युवातीहरुलाई ढकिया बनाउने हस्तकला सीप सिकाइएको छ । उनीहरुले उत्पादन गरेका सामाग्रीहरुलाई खरिद गरी पालिकामा आउने अतिथिहरुलाई उपहार स्वरुप ढकीया मौनी दिइने गरेका छौं ।

सैनामैना नगरपालिका उप-प्रमुख विना रानाले महिलाहरुलाई आत्मनिर्भर बनाउन वर्षेनी उप-प्रमुखसँग महिला कार्यक्रमअन्तर्गत महिलादिदी बाहिनीहरुका लागि विभिन्न सीपमूलम तालिम दिँदै आएको बताइन ।

'नगरभित्रका महिलाहरुलाई सक्षम र आर्थिक रुपमा सबल बनाउन महिलासँग उपप्रमुख कार्यक्रमअन्तर्गत रहेर सिलाइकटाइ, बुटिक, ब्युटिसियन, अचार, फुल्की बनाउने तालिम, थकालबाट हस्तकलाका सामग्री बनाउने तालिम दिँदैं आएका छौँ,' उनले भनिन्-वडाबाट महिलाहरुको मागको आधारमा तालिम संचालन गरेका छौँ, सीप सिकेर व्यवसायी बन्ने महिलाहरुका लागि अनुदानमा मेसिनलगायतका समान पनि वितरण गरिएको छ ।' साथै उनले तालिमबाट सीपसिकेर उत्पादन गरेका वस्तुहरुलाई बिक्रीवितरण गर्न सहजहोस् भन्ने हेतुले सैनामैना-१० मा कोसेलीघर निर्माण गर्ने योजना रहेको सुनाइन् । स्थानीयस्तरमा उत्पादित सामानलाई संकलन गरी कोसेलीघरमा राख्ने जसले बजारमा पुऱ्याउन र ती वस्तुहरुलाई एकमुष्ट बेच्न सहज हुनेछ ।

कोसेली घर निर्माणका लागि यस आर्थिक वर्ष २० लाख बजेट विनियोजन गरिएको छ र निर्माण कार्य छिट्टै सुरु हुने उपमेयर रानाले जानकारी गराइन् ।

### पाँच...

यसअघि ती सवारीसाधन सञ्चालनका लागि लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डीराज भट्टराईको संयोजकत्व तीन सदस्यीय कार्यदल बनाएर कार्यविधि तयार गरिएको थियो । सरकारी नम्बरप्लेटलाई हरियो बनाउने कानुन नभएपछि प्रदेश सरकारले गत जेठ ६ गते बसेको मन्त्रिपरिषद् निर्णयलले नम्बर परिवर्तन गर्न बाटो खुल्ला गरिदिएको थियो । उक्त व्यवस्था समयमा कार्यान्वयन नहुँदा बस सञ्चालन गर्न नसकिएको कोषाध्यक्ष भट्टराईले बताए ।

